# नेपाल स्काउट र स्काउट मास्टरबीच आपसी सम्झौता

**१. सम्झौताको उद्देश्य**

यो सम्झौता नेपाल स्काउट र नेपाल स्काउट अन्तर्गत सञ्चालन हुने वि.टि.सि/पि.टि.सि/उड्बायज /एड्भान्स/ सि.ए.एल्.टी /सर्टिफिकेट /सि. एल्. टी / डिप्लोमा प्रशिक्षण कोर्षमा सहभागी हुने स्काउटरबीच पारस्परिक प्रतिबद्धता जाहेर गर्न, जसअनुसार :

क) तालिमका सहभागीले नेपाल स्काउटको लक्ष्य प्राप्तीका लागि उच्चतम योगदान दिन प्रतिबद्ध हुनेछन् ।

ख) तालिममा सहभागि हुने व्यक्तिको पूर्ण वृत्ति विकासका लागि नेपाल स्काउट पनि प्रतिबद्ध हुनेछ ।

**२. सम्झौताको प्रकार**
तालिममा सहभागी हुने प्रत्येक व्यक्ति नेपाल स्काउटमा स्वयंसेवकको भूमिकामा रहनेछन् ।

**३. नेपाल स्काउटमा स्वयंसेवकको भूमिकामा यहाँले राख्न सक्ने अपेक्षा:**

क) व्यक्तिगत प्रगती
नेपाल स्काउट तालिम पद्धती मा परिभाषित भए अनुसार नेपाल स्काउटले स्काउट मास्टरहरुको प्रगतीको लागि चार तहको तालिम प्रणाली कार्यान्वयन गर्दछ । नेपाल स्काउट, राष्ट्रिय वयस्क विकास समितिले राष्ट्रिय वयस्क विकास निति अनुसार स्वयंसेवकको रुपमा सहभागी प्रत्येक स्काउटरको व्यक्तिगत वृत्ती विकास र कार्य सम्पादन मुल्याङ्कनलाई विशेष ध्यानमा राखी उनीहरुको प्रयास, योगदान, स्वःविकासका अवसरहरुलाई निष्पक्ष रुपमा मुल्याङ्कन गर्नेछ ।

ख) जनसम्पर्क
स्काउटको युवा कार्यक्रम तथा सोसँग सम्बन्धित अन्य परियोजनाहरु संचालन गर्दा समाजका विभिन्न वर्ग र समुदायसँग सकारात्मक जनसम्पर्क स्थापित गरिनेछ ।

ग) सामुदायिक सहभागिता
स्काउटिङ्ग क्रियाकलापले विशेषगरी समुदायिक सहभागिता र त्यसबाट प्राप्त हुने लाभहरु सुनिश्चित गर्दछ ।

घ) अन्तराष्ट्रिय अनुभव
स्काउट मास्टरको रुपमा हरेक व्यक्तिले विश्व स्काउट संगठनको Better World Framework तथा WAGGGS का विविध कार्यक्रमहरु मार्फत अन्तर्राष्ट्रिय स्तरमा कार्य गर्ने अनुभव प्राप्त गर्दछ ।

ङ) नेतृत्व विकास
नेपाल स्काउटले स्काउट स्वयंसेवकको नेतृत्व विकासलाई विशेष प्राथमिकतामा राखेको छ ।

च) अनौपचारिक शिक्षाको माध्यमबाट युवा सशक्तिकरण
स्काउट मास्टरको रुपमा प्रत्येक व्यक्तिले अनौपचारिक (स्काउटिङ्ग) शिक्षा मार्फत युवा सशक्तिकरण गर्दछ र राष्ट्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

**४ . नेपाल स्काउटले स्काउट स्वयंसेवकहरुबाट गर्ने अपेक्षा**

क) नेपाल स्काउटले इकाईमा सहभागिता ( Back To Troop)को अवधारणालाई उच्च महत्वका साथ नेपाल स्काउटको कुनै पनि पदमा संलग्न स्वयंसेवक सक्रिय रुपमा इकाईमा संलग्न रही सदस्यता वृद्धिमा योगदान पुऱ्याउने अपेक्षा राख्दछ ।

ख) नेपाल स्काउटको उद्देश्य एवम् लक्ष्य प्राप्तीका लागि स्वयंसेवकबाट प्रतिवद्धताको अपेक्षा राख्दछ ।

ग) नेपालका युवाहरुलाई स्काउटिङ्ग शिक्षा प्राप्त गर्ने अवसरबाट बञ्चित नगरी तल्लो तह सम्मका युवाहरुलाई समेट्दै आफ्नो क्षमताले भ्याएसम्म स्काउट शिक्षा विस्तार गर्नु प्रत्येक स्काउट मास्टरको मुख्य कर्तव्य हुनेछ ।

घ) नेपाल स्काउटबाट प्रदान गरिने क्षमता अभिवृद्धि तथा नेतृत्व विकासका अवसरहरुमा सक्रिय रुपमा सहभागी भई स्काउट शिक्षामा गुणस्तरियता कायम गर्नु स्काउट मास्टरको मुख्य जिम्मेवारी हुनेछ ।

ङ) नेपाल स्काउटले संस्थालाई आवश्यक परेको बेलामा प्रत्येक स्काउट स्वयंसेवकले समय प्रबन्ध मिलाउने प्रतिबद्धताको अपेक्षा राख्दछ ।

च) स्थानीय तहको स्काउट कार्यालयसँगको सहकार्यमा स्काउट शिक्षाको परिचय (प्रचार)लाई अभिवृद्धि गर्दै समुदाय स्तरमा विस्तार गर्न प्रमुख भूमिका निर्वाह गर्नु हरेक स्काउट मास्टरको कर्तव्य हुनेछ ।

छ) नेपाल स्काउट तालिम पद्धतीमा उल्लेख भए बमोजिम नेपाल स्काउटबाट आयोजना गरिने विविध स्काउट तालिमहरुमा आफ्नो क्षमता र दक्षता अनुसार सहयोग गर्न प्रतिबद्धताको अपेक्षा गर्दछ ।

**५. पृष्ठभूमि जाँच**

स्काउट स्वयंसेवाको शर्तको रुपमा, म नेपाल स्काउटलाई मेरो व्यक्तिगत पृष्ठभूमि जाँच गर्न अनुमति प्रदान गर्दछु । सो जाँचमा यौन सम्बन्धि अपराध, बाल दुर्व्यवहार र अन्य अपराधिक गतिविधिको अभिलेख समावेश हुन सक्दछ । म स्काउट स्वयंसेवकको रुपमा नियुक्त भएमा, मेरो पृष्ठभूमि उपयुक्त नदेखिएमा संस्थाबाट मेरो नियुक्ति खारेज हुने विषयमा म सचेत छु । मेरो विषयमा त्यस प्रकारको सूचना दिने कुनै संस्था वा त्यहाँका कुनै कर्मचारी तथा स्वयंसेवकहरु प्रति कुनै किसिमको हानी नोक्सानी पुऱ्याउने छैन भनि सहमती व्यक्त गर्दछु ।

कृपया तपाईले यो स्वयंसेवक सम्झौता पढनुभएको छ र प्रश्नहरु सोध्ने मौका पाउनु भएको छ भन्ने स्विकार गर्नको लागि दस्तखत गर्नुहोस् ।

मिति :

स्थान :

**दस्तखत :**

नाम :.............................................

स्थायी ठेगाना :...................................

पद :................................................

अस्थायी ठेगाना :.................................

**दस्तखत :**

नाम :.............................................

(कोर्ष लिडर मार्फत राष्ट्रिय तालिम आयुक्त)

प्रशिक्षण कोर्ष नम्बर :